# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

☎ फोन नं. ९८४९७५६३०३

हेकुली, दाङ
लुम्बिनी प्रदेश, नेपाल


प.सं. २०८३-०८४
च.नं.

मिति: २०८३-०५-२२

## विषयविज्ञको सूचीमा सूचीकृत हुन आवेदन पेश गर्ने सम्वन्धी सूचना

श्री दंगीशरण गाउँपालिका अन्तर्गतका
सम्पूर्ण सामुदायिक विद्यालयका सम्बन्धित शिक्षकज्यूहरु,

प्रस्तुत विषयमा शिक्षा ( दशौं संशोधन) नियमावली, २०५९ को नियम ९६क. को उपनियम (१) को खण्ड (ग) को प्रयोजनका लागि सोहि नियमको उपनियम (६) बमोजिम विषयविज्ञको सूची अद्यावधिक गर्नुपर्ने भएकोले यस दंगीशरण गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त हुने विभिन्न शिक्षक तथा कर्मचारी पदहरुको पदपूर्तिका लागि विषयविज्ञको रुपमा सूचीकृत हुन इच्छुक योग्य शिक्षकहरुले असोज ५ गते भित्र यस कार्यालयमा आवेदन पेश गर्नहुन सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ। आवेदनका साथ देहाय बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी पेश गर्नुपर्ने छ।

आवेदनका साथ पेश गर्नुपर्ने कागजात तथा योग्यता

१. **माध्यामिक तह (कक्षा ९-१२) तथा आधारभुत तह ( कक्षा १-५ तथा ६-८ ) का लागि**

- सम्बन्धित विषयमा कम्तीमा स्नातकोत्तर तह तथा स्नातक तह उतीर्ण गरेको हुनुपर्ने।
- सम्वन्धित विषयमा माध्यामिक तहको स्थायी शिक्षकका रुपमा कम्तीमा ३ (तीन) वर्ष अध्यापन गरेको हुनुपर्ने।
- आधारभुत तह (६-८) का लागि साविक निम्नमाध्यामिक तहको सम्वन्धित विषयमा तथा आधारभुत तह ( १-५) का लागि प्राथमिक तहमा स्थायी शिक्षका रुपमा कम्तीमा ३ ( तीन) वर्ष अध्यापन गरेको हुनुपर्ने।
- माथिल्लो योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- स्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।
- शिक्षण अध्यापन अनुमति पत्र ( Teaching license) को प्रमाणित प्रतिलिपि।
- प्रचलित कानुन अनुसार विषयविज्ञ हुन अयोग्य छैन भनि शिक्षक स्वयंले गरेको स्वःघोषणा पत्र।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

बोधार्थ:

१. श्री सूचना प्रविधि शाखा, दंगीशरण गाउँपालिका : यो सूचना गाउँपालिको वेबसाइट तथा आधिकारिक फेसबुक आईडिमा प्रकाशन गरिदिनुहुन।

२. सम्वन्धित सबै सामुदायिक विद्यालय : जानकारी तथा आवश्यक समन्वय तथा कार्यान्वयनका लागि।